




# वैयक्तिक शिक्षा कार्यक्रमम (IEP) विकास

वैयक्तिक शिक्षा कार्यक्रम (IEP) एउटा दस्तावेज हो जसले बच्चालाई बलिया पक्षहरूका साथसाथै वर्षका व्यक्तिगत लक्ष्यहरू सहित उ/उनीले प्राप्त गर्ने सहायता तथा सेवाहरूको व्याख्या गर्दछ। IEP को विकास र निर्णय प्रक्रियामा आमाबुवाहरू र परिवारहरूले महत्त्वपूर्ण भुमिका खेल्दछन्।

विशेष शिक्षा प्रक्रियाद्वारा पूरा गरिएका मूल्याङ्कनहरूबाट प्राप्त जानकारीलाई विद्यार्थीका बलिया पक्ष र चुनौतीहरूको व्याख्या गर्न प्रयोग गरिन्छ। IEP ले उचित सिक्ने अवसर, सुविधा, अनुकूलन, विशेषीकृत सेवा र सहायताहरू सुनिश्चित गर्दछ। यी सबै कुराहरू विद्यार्थीको असक्षमता सम्बन्धी आवश्यकताहरू पूरा गर्न तयार गरिएको हो।

## वर्तमान कार्यसम्पादन स्तरहरू (PLP)

विद्यार्थीले कार्य गर्दा, IEP ले आमाबुवा र पेशेवरहरूले बुझ्ने भाषामा व्याख्या गर्दछ जसले गर्दा एक वर्षपछि आमाबुवा र शिक्षकहरूले कति प्रगति भएको छ भनी निर्धारण गर्न सक्छन्।

- **सामाजिक-भावनात्मक**: व्यवहार, आत्म-सम्मान, सम्बन्ध र डरहरू।
- **शारीरिक**: स्वास्थ्य, एलर्जी, शारीरिक सीप, चाल र उपचारहरू।
- **शैक्षिक**: सुन्ने, बोल्ने, पढ्ने, लेख्ने, हिसाब सिक्ने, कला, संगीत, प्रविधि, विज्ञान, घर र जीवन उपार्जन।
- **व्यवस्थापनका आवश्यकताहरू**: यातायात, विश्राम, वातावरण, प्रविधि, परिमार्जन र आवास सुविधाहरू।

## मापन योग्य वार्षिक लक्ष्यहरू

IEP ले शैक्षिक र कार्यात्मक दुवै लक्ष्यहरूमा केन्द्रित रहन्छ। यिनीहरूलाई PLP विवरणहरूबाट सिर्जना गरिन्छ। हरेक विद्यार्थीहरू भिन्न हुनेछन्।

## परिवर्तन क्रियाकलापहरू

IEP को यस भागले विद्यार्थीको हाइ-स्कूल पछिको जीवनको मार्गलाई दर्शाउछ। यसमा सहायता र सेवाहरू पर्दछन् जसले उ/उनी जीवनका सबै क्षेत्रहरू: जीवनयापन, शिक्षा, काम र खेलका लागि तयार छ भन्ने कुरा सुनिश्चित गर्नेछ।

## नियोजन

PLP विवरणहरू र सेवाहरूबाट थाहा हुन आएका आवश्यकताहरूले कार्यक्रम कहाँ हुनेछ भनी निर्णय गर्दछ। अतिरिक्त सहायता सहित सामान्य शिक्षा व्यवस्थाहरू देखि लिएर साना कक्षाहरूसम्म जहाँसुकैबाट विभिन्न प्रकारका नियोजनहरू छन्।

## तपाईंलाई थाहा छ?

IEP का लक्ष्यहरूलाई एक वर्षभित्र प्राप्त गर्नको लागि लेखिन्छ र मापन योग्य हुनुपर्छ।

वयस्क जस्तै बाँच्न, काम गर्न र सिक्नको लागि दीर्घकालीन लक्ष्यहरूलाई 15 वर्षको उमेरमा विकास गर्न सुरू गरिन्छ।

चुनौतीपूर्ण व्यवहारहरूलाई सम्बोधित गर्न व्यवहार हस्तक्षेप योजनाहरूलाई कार्यात्मक व्यवहार मूल्याङ्कनहरूबाट विकास गरिन्छ।

विशेष शिक्षामा रहेको समितिले लक्ष्यहरू भेटिएका छन कि छैनन् र प्रगति गरिएको छ कि छैन भनी हेर्नको लागि IEP लाई वर्षमा एकपटक समीक्षा (वार्षिक समीक्षा) गर्नुपर्छ। बच्चालाई औपचारिक रूपमा कम्तीमा पनि हरेक तीन वर्षमा पुनर्मूल्याङ्कन गर्नुपर्छ; यद्यपि कार्यक्रमलाई कुनैपनि समयमा समीक्षा गर्न सकिन्छ।

---

*सन्दर्भ सामग्रीहरू तथा जानकारी प्रदान गर्ने संस्था: -www.p12.nysed.gov (शिक्षा आयुक्तका नियमहरू - भागहरू 200 र 201)*
*थप जानकारीको लागि parentnetworkwny.org जानुहोस्।*

यस कागजातमा समावेश विषयवस्तु संयुक्त राज्यको शिक्षा विभाग, #H325160003 बाट अनुदान अन्तर्गत विकास गरिएको थियो। यद्दपि, ती विषयवस्तुले संयुक्त राज्यको स्वास्थ्य विभागको नीतिलाई आवश्यक रूपमा प्रस्तुत गर्दैनन् र तपाईंले संघीय सरकारद्वारा अनुमोदन ग्रहण गर्नहँदैन। परियोजना अधिकारी, कारमेन सान्चेज

(716) 332-4170
info@parentnetworkwny.org
www.parentnetworkwny.org

PARENT NETWORK OF WESTERN NEW YORK

@ParentNetwork
@PNWNY